भुम्लु गाउँकार्यपालिकाको बैठक संख्याः १३
आ व : २०७९/८०
मितिः २०७९ चैत्र ०८ गते बुधबार
समयः १:१५ दिवा
स्थानः भुम्लु गाँउपालिकाको सभाहल

आज मिति २०७९ चैत्र ०८ गते बुधबारका दिन यस भुम्लु गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा यस भुम्लु गाउँकार्यपालिकाको वैठक वसि तपशिल वमोजिमको निर्णय गरियो।

उपस्थितिः

१. श्री प्रेम बहादुर भुजेल - अध्यक्ष
२. श्री जितेन्द्रमान तामाङ्ग उपाध्यक्ष
३. श्री लेख वहादुर श्रेष्ठ सदस्य
४. श्री सुजन भण्डारी सदस्य
५. श्री ज्ञान वहादुर तामाङ्ग सदस्य
६. श्री लोक बहादुर कुँवर सदस्य
७. श्री अञ्चल कुमार लामा सदस्य
८. श्री भरत वहादुर शिवभक्ति सदस्य
९. श्री रमेश राज खरेल सदस्य
१०. श्री मोतिलाल तामाङ्ग सदस्य
११. श्री दल वहादुर तामाङ्ग सदस्य
१२. श्री केसरमान लामा सदस्य
१३. श्री कल्पना पहरी सदस्य
१४. श्री कुमारी विश्वकर्मा सदस्य
१५. श्री चमेली परियार सदस्य
१६. श्री शान्ती ठकुरी सदस्य
१७. श्री सुलभ पहरी सदस्य
१८. श्री विष्णु वहादुर पहरी सदस्य
१९. श्री देवेन्द्र सुवेदी सचिव

अन्य उपस्थितिः

२०. श्री रुपक अधिकारी - प्रशासन तथा योजना शाखा प्रमुख
२१. श्री साकार अधिकारी - पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख
२२. श्री विक्रम वस्नेत - आर्थिक प्रशासन शाखा प्रमुख



CS CamScanner

भुम्लु गाउँकार्यापालिका वैठक आ.वः २०७९।८० वैठक सङ्ख्याः१३ मिति २०७९ चैत्र ०८

**प्रस्ताव न.१: अघिल्लो कार्यपालिका वैठकको समिक्षा सम्बन्धमा ।**

निर्णय न.१: प्रस्ताव न. १ माथि छलफल गर्दा मिति २०७९ फागुन १८ गते बसेको १२ औ कार्यापलिका वैठकको समिक्षा गरियो सो वैठकमा भएको निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोष जनक रहेको देखियो। साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरुको जतिसक्दो छिटो कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**प्रस्ताव न.२ : मालपोत कार्यालयसँग आवश्यक समन्वय गर्ने सम्बन्धमा**

निर्णय न. २: प्रस्ताव न. २ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा न. ७ र ८ मा रहेको जग्गा विवाद समाधान गरी लालपूर्जा वितरण गर्ने प्रयोजनका लागि मालपोत कार्यालयबाट प्राप्त प्रस्ताव वमोजिम मालपोत कार्यालय र यस गाउँपालिकाका कर्मचारीहरुबाट संयुक्त रुपमा मालपोत कार्यालयमा रहेका मिति २०३२ साल देखिका लिखत तथा स्रेस्ताहरु खोज्ने काम सुरु गरिएकोमा सो कार्य गर्नका लागि लाग्ने वजेट तथा अन्य खर्चहरुको सुनिश्चितता गरी मालपोत कार्यालयसँग समन्वय गर्नका लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत लाई अस्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव न.३: फोहोर व्यवस्थापन गर्ने सम्बन्धमा**

निर्णय न. ३: प्रस्ताव न.३ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको वडा न. ८ र १० मा रहेको वजार क्षेत्रमा मिति २०७९।१२।१० गते कार्यक्रम गरी सरसफाई अभियान सुरु गर्ने निर्णय गरियो ।फोहोरको वर्गिकरण गरी फोहोर संकलन गर्ने र त्यसको व्यवस्थापनको कार्यका लागि सो क्षेत्रमा क्रियाशिल टोल विकास समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**प्रस्ताव न. ४ : गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा**

निर्णय न. ४: प्रस्ताव न. ४ माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि प्रस्ताव गरीएको भुम्लु-५, मानेडाँडामा भएको जग्गाहरु नपुग हुने भएकाले थप जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरियो र सो क्षेत्रमा रहेको सामुदायिक वन चौरकुना भिरपानी सामुदायिक वन लाई आवश्यक सहजिकरण गरिदिनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ५: कार्यविधी निर्माण गर्ने सम्बन्धमा**

निर्णय न. ५: प्रस्ताव न. ५ माथि छलफल गर्दा भुम्लु गाउँपालिका स्थापना काल देखी हालसम्म निर्माण भएका ऐन र कार्यविधीहरुलाई एकमुष्ठ जम्मा गरी प्रकाशन गर्ने निर्णय गरियो । नयाँ निर्माण भएका ऐन र कार्यविधीका सम्वन्धमा आवश्यक निर्णय गर्न निकट भविष्यमा नै गाउँ सभाको अधिवेशन आह्वावन गर्ने निर्णय गरियो । साथै सेवा प्रवाह सम्वन्धी कार्यविधी निर्माणको लागि आवश्यक कामहरु अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव न. ६ : चेहेरे रिठ्ठेवेशी जाने बाटो मर्मत गर्ने सम्बन्धमा**

निर्णय न. ६: प्रस्ताव न. ६ माथि छलफल गर्दा चेहेरे रिठ्ठेवेशी जाने सडकको विभिन्न स्थानमा पहिरो गई बाटो नै सञ्चालन हुन नसक्ने देखिएको, त्यस स्थानका वासिन्दाहरुका हिँडडुलका लागि अति आवश्यक सडक भएकाले सो सडक सफा गर्नका लागि रु. ६०,००० नबढ्ने गरी रकम विनियोजन गर्ने र सो काम वडा कार्यालयबाट सञ्चालन गरिने निर्णय गरियो ।

**प्रस्ताव न. ७ : आर्थिक सहायता सम्बन्धमा :**

निर्णय न. ७ : प्रस्ताव न. ७ माथि छलफल गर्दा तपशिल बमोजिमका भुम्लु गाउँपालिका भित्र बस्नुहुने गरीब असाहय जनताहरुको आर्थिक अवस्था कमजोर भई उपचार गर्न नसक्ने परिस्थिती सिर्जना भएकाले तिनिहरुलाई तपशिल वमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।



CamScanner

भुम्लु गाउँकार्यपालिका बैठक आ.व: २०७९।८० बैठक सङ्ख्या:१३ मिति २०७९ चैत्र ०८

आर्थिक सहायता प्राप्त गर्नेको नामावली

| क्रस. | नाम र थर | ठेगाना | आर्थिक सहायता गर्नुपर्ने कारण | आर्थिक सहायताको गर्ने रकम |
|---|---|---|---|---|
| १ | संगिता पहरी | भुम्लु१- | आर्थिक अवस्था कमजोर भएको साथै सिमान्तकृत समुह को भएकाले निजलाई सहयोग गर्नुपर्ने भनी वडा कार्यालयको सिफारिस प्राप्त भएको | रु२०.,०००।- |
| २ | टेक बहादुर बस्नेत | भुम्लु३- | आर्थिक अवस्था दयनीय, कमजोर भएको र औषधी उपचार गर्ने निकै कठीन भएको भनी वडा कार्यालयको सिफारिस प्राप्त भएको | रु५.,०००।- |
| ३ | पार्वती शिवाकोटी मैनाली) ( | भुम्लु७- | आर्थिक अवस्था कमजोर रहेको र पटक-पटक औषधी उपचार गर्नुपर्ने भएकाले निजलाई आर्थिक सहायता उपलब्ध गराईदिनु भन्ने वडाको सिफारिस | रु१०.,०००।- |
| ४ | संगिता लामिछाने | भुम्लु७- | आर्थिक अवस्था कमजोर रहेको भनि वडा कार्यालयबाट सिफारिस प्राप्त भएको | रु२०.,०००।- |
| ५ | रामहरी पराजुली | भुम्लु-५ | आर्थिक अवस्था कमजोर रहेको भनी वडा कार्यालय तथा सम्बन्धीत व्यक्तिबाट निवेदन प्राप्त भएको | रु.३०,०००।- |
| ६ | विनिता पहरी | भुम्लु-६ | आर्थिक अवस्था कमजोर भएकाले रकम उपलब्ध गराईदिने भन्ने वडा कार्यालयको सिफारिस प्राप्त भएको | रु.३०,०००।- |
| ७ | शेष बहादुर ठकुरी | भुम्लु-१० | आर्थिक अवस्था कमजोर भएकाले रकम उपलब्ध गराईदिने भन्ने वडा कार्यालयको सिफारिस प्राप्त भएको | रु.३०,०००।- |

**प्रस्ताव न. ८ : सुकुम्वासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीहरुको लगत संकलनको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा**

निर्णय न. ८ : प्रस्ताव न. ८ माथि छलफल गर्दा यस गाउँपालिका भित्र रहेका सुकुम्वासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीहरुको लगत संकलनको काम भईरहेको तर अझै पनि ठुलो सङ्ख्या त्यस्ता प्रकृतिका व्यक्तिहरु छुट भएको भन्ने जानकारी प्राप्त भएकाले पुन लगत संकलनको काम सुरु गर्नका लागि राष्ट्रिय भुमी आयोगलाई पत्रचार गर्ने निर्णय गरियो ।

CamScanner